# वराहपोखरी गाउँपालिकाको विद्यालय गाभ्ने (मर्ज गर्ने) तथा दरबन्दी मिलान एवम् पदस्थापन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना:**

नेपालको संविधानको अनुसूची-८ को क्रमसंख्या ८ मा स्थानीय तहको अधिकारमध्ये आधारभूत तथा माध्यमिक तहको शिक्षाको व्यवस्था रहेको साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को खण्ड (ज) को उपखण्ड (२) मा सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन, ऐ खण्डको उपखण्ड (५) मा गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पति व्यवस्था तथा ऐ खण्डको उपखण्ड (११) मा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सन्दर्भमा सो उद्देश्य पूरा गर्न यस गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई गाभ्ने सम्बन्धी व्यवस्था गर्न र सामुदायिक विद्यालयहरुमा शिक्षकहरुको दरबन्दी मिलान एवम् पदस्थापन गर्न देहाय बमोजिमको विधि र प्रकृया अपनाउन वाञ्छनीय भएकोले वराहपोखरी गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) उपदफा २, ५ र ११ तथा वराहपोखरी गाउँपालिका शिक्षा नियमावली, २०७६ को नियम १६ र १७ बमोजिम यो कार्यविधि बनाइएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१) यस कार्यविधिको नाम "वराहपोखरी गाउँपालिकाको विद्यालय गाभ्ने (मर्ज गर्ने) तथा दरबन्दी मिलान एवम् पदस्थापन सम्बन्धी कार्यविधि, २०७९" हुनेछ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले वराहपोखरी गाउँपालिका सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(घ) "गाउँ शिक्षा समिति" भन्नाले वराहपोखरी गाउँपालिकाको शिक्षा नियमावलि, २०७६ को नियम २४ अनुसार गठित शिक्षा सम्बन्धि समिति सम्झनु पर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा अधिकृतलाई सम्झनु पर्छ।

(छ) "शिक्षा शाखा" भन्नाले गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्छ।

(ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले वराहपोखरी गाउँपालिकाको शिक्षा नियमावलि, २०७६ को नियम २६ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले वराहपोखरी गाउँपालिकामा सञ्चालन भएका सामुदायिक विद्यालयलाई सम्झनु पर्छ।

(ञ) "संस्थागत विद्यालय" भन्नाले वराहपोखरी गाउँपालिकामा सञ्चालन भएका संस्थागत विद्यालयलाई सम्झनु पर्छ।

(ट) "शिक्षक/कर्मचारी" भन्नाले वराहपोखरी गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीलाई सम्झनु पर्छ।

(ठ) "शिक्षा नियमावली" भन्नाले वराहपोखरी गाउँपालिका शिक्षा नियमावली ,२०७६ सम्झनु पर्छ ।

**३. विद्यालय गाभ्ने सम्बन्धि व्यवस्था:**

१) देहायको कुनै अवस्थामा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न सकिनेछ :

(ड) अनुसूची-१ बमोजिमको पूर्वाधार कायम नरहेको,

(ढ) अधिकांश कक्षामा १० (दश) प्रतिशत भन्दा कम विद्यार्थी संख्या भएको,

(ण) दुई वा सोभन्दा बढी विद्यालयको परिसर एक आपसमा जोडिएको,

(त) दुई वा सोभन्दा बढी विद्यालय बीचको पैदल दूरी ३० (तीस) मिनेटभन्दा कम रहेको,

२) उपदफा (१) बमोजिम रहेको अवस्थामा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले विद्यालयहरुलाई गाभ्न सक्नेछ ।

३) उपदफा १ बमोजिम गाभिएको विद्यालयलाई आवश्यकता अनुसार उक्त विद्यालयमा बाल विकास केन्द्र सञ्चालनको व्यवस्था गर्न सकिनेछ ।

**४. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन:**

१) दफा ३ को उपदफा १ बमोजिमको अवस्थामा गाभिएका वा बन्द गरिएका विद्यालयहरुको चल अचल सम्पत्ति, फर्निचर, पाठ्यपुस्तक, पाठ्यसामाग्री, विद्यालय भवन तथा अन्य शैक्षिक सामाग्रीहरु गाभिएको विद्यालयको नाममा नामसारी गरी वा जिन्सी दाखिला गरि आम्दानी बाँधी अभिलेख राख्नुपर्नेछ ।

**५. गाभिएका वा बन्द गरिएका विद्यालयको शिक्षक तथा कर्मचारीको व्यवस्थापन:**

१) दफा ३ को उपदफा १ बमोजिमको अवस्थामा गाभिएका वा बन्द गरिएका विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारिहरुलाई गाभिएकै विद्यालयमा अध्यापन/कामकाज गराउने गरी पदास्थापन गर्ने ।

२) उपदफा १ बमोजिम गाभिएका विद्यालयमा न्यूनतम तोकिएको दरबन्दीभन्दा बढी शिक्षक संख्या हुन पुगेमा कनिष्ठ वा रिक्त दरबन्दीलाई गाउँ शिक्षा समितिले निर्णय गरे बमोजिम आवश्यकता अनुसार वराहपोखरी गाउँपालिका क्षेत्रभित्र रहेको कुनै सामुदायिक विद्यालयमा दरबन्दी कायम गरी पदस्थापन गर्न सकिनेछ ।

**६. दरबन्दी मिलान एवम् पद्स्थापन**

आवश्यकता र औचित्यताका आधारमा गाउँ शिक्षा समितिले निर्णय गरी आफ्नो गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुमा देहायबमोजिम दरबन्दी मिलान तथा पदस्थापन गर्न सक्नेछ:

१) कुनै विद्यालयमा यस कार्य विधिको अनुसूची १ को (ड) मा उल्लेख भए भन्दा बढी वा घटी शिक्षक दरबन्दी रहेको अवस्थामा दरबन्दी मिलान गर्न सकिनेछ ।

२) दरबन्दी मिलान गर्दा कक्षागत र तहगत विद्यार्थी संख्यालाई ध्यान दिनुपर्नेछ ।

३) दरबन्दी मिलानका क्रममा राहत वा साधारण दरबन्दीका शिक्षकलाई एक अर्का दरबन्दीमा मिलान गरी पदस्थापन गर्न सकिनेछ ।

४) रिक्त दरबन्दीमा दरबन्दी मिलानका क्रममा तल्लो तहमा कार्यारत करार तथा राहत शिक्षकको रुपमा कार्यारत शिक्षकलाई माथिल्लो योग्यता भएमा माथिल्लो कक्षा सञ्तालित विद्यालयहरुमा पदस्थापन गर्न प्राथमिकता दिइनेछ ।

५) यस गाउँपालिकाभित्र स्थायी शिक्षकहरुको पदस्थापनका क्रममा विस्थापित भएका करार शिक्षकहरुलाई रिक्त रहेका साधारण वा राहत दरबन्दीमा माथिल्लो शैक्षिक योग्यता, स्थानीयता, महिला, अपाङ्गता तथा दलित वर्गलाई प्राथमिकता दिई पदस्थापन गर्न सकिनेछ।

६) स्थायी पदपूर्तिका क्रममा एकै दिन नियुक्ति लिएका करार शिक्षकहरु विस्थापित हुने अवस्था भई समस्या देखिएमा स्थानीय, माथिल्लो शैक्षिक योग्यता भएका ,महिला ,दलित ,अपाङगलाई प्राथमिकता दिई विस्थापित गर्दै लान सकिने छ।

७. **संशोधन:** वराहपोखरी गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

**प्रमाणीकरण मिति:** २०७९।११।०९

**आज्ञाले**
**विकेन पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची १

## वराहपोखरी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ को नियम ४ सँग सम्बन्धित

**विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरुः**

(क) कक्षा कोठाहरु सामान्यतथा नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनुपर्ने,

(ख) कक्षागत क्षेत्रफल आधारभूत विलालयको हकमा प्रति विद्यार्थी १ वर्ग मिटर तथा माध्यमिक विद्यालयको हकमा १.२ वर्ग मिटरभन्दा कम हुन नहुने,

(ग) अध्यापन गराईने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनुपर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनुपर्ने,

(ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रबन्ध गर्नुपर्ने,

(च) प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग, अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्टको थप हुनुपर्ने,

(छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनुपर्ने,

(ज) शिक्षण कृयाकलापका लागि आवश्यकीय शैक्षिक सामग्रीहरु जस्तै: सेतोपाटी, कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामग्री आदि हुनुपर्ने,

(झ) सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने मैदान हुनुपर्ने,

(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्रमा घर बाहिरका कृयाकलापहरु सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिवल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनुपर्ने,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनुपर्ने,

(ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम र संस्थागत विद्यालयमा प्रतिकक्षा कम्तीमा २२ जना देखि बढीमा ४४ जनासम्म र औसतमा ३३ जना विद्यार्थी हुनुपर्ने,

(ड) सामुदायिक विद्यालयमा कम्तीमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनुपर्ने:

| | |
|---|---|
| माध्यमिक तहको ०-१० कक्षाका लागि | -१४ जना |
| माध्यमिक तहको ०-१२ कक्षाका लागि | -१६ जना |
| आधारभूत तहको ०-८ कक्षाका लागि | -९ जना |
| आधारभूत तहको ०-५ कक्षाको लागि | -४ जना |
| प्रारम्भिक बालविकास केन्द्रका लागि | -२ जना |

र संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १:१.४ हुनुपर्नेछ ।

(ढ) विद्यालयको स्थायी आय श्रोत हुनुपर्ने,

(ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्ने,

(त) आवासीय विद्यालयको लागि आवास भवन हुनुपर्ने,

(थ) विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनुपर्ने,

(द) भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनुपर्ने,

(ध) विद्यालयमा बालमैत्री अपाङ्गतामैत्री तथा वातावरणमैत्री हुनुपर्नेछ ।